# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्रेस विज्ञप्ति

आज मिति २०७६ श्रावण१७ गते शुक्रबार माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूको अध्यक्षतामा आ.व.२०७५/०७६ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री पुष्पराज कँडेल,सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयका सचिव श्रीयादव प्रसाद कोइराला, मन्त्रालयका सह-सचिवहरु, विभागका महानिर्देशकहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयका प्रतिनिधि तथा समिति, प्रतिष्ठानहरु , कार्यक्रमका प्रमुखहरुका साथै अन्य कर्मचारी र विभिन्न संचार माध्यमका संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो।

कार्यक्रममा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूले गत आर्थिक वर्षको अधिकांश समय व्यवस्थापनमा केन्द्रित रहँनु पर्दाका परिस्थितमा पनि कार्यक्रम कार्यान्वयनको प्रगति स्थिति  सन्तोषजनकै रहेको  र आगामी वर्षहरुमा यस समीक्षावाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा ग्रहण गर्दै अघि बढ्नु पर्नेमा जोड दिनुभयो। उँहाले आगामी दिनमा अहिले देखिएका चुनौति तथा समस्याहरु नदोहोरिने गरी  शत  प्रतिशत प्रगति हासील गर्ने गरी कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयनमा ध्यान दिन मन्त्रालय मातहतका सबै निकायहरुलाई निर्देशन दिनुभयो। राष्ट्रसेवकहरुलाई स्पष्ट रुपमा जिम्मेवारी किटानी सहित कार्य सम्पादन सम्झौता गरेर कार्य जिम्मेवारीमा बाँधि सकिएकाले काम नगर्ने, जिम्मेवारी पन्छाउने, अनावश्यक कार्यमा समय बिताउनेलाई व्यक्तिगत रुपमा समेत उत्तरदायी बनाई दण्डित गरिने पनि माननीय मन्त्रीज्यूले बताउनुभयो। साथै उहाँले संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन स्थानीय तहहरुसँग समन्वय र सहजिकरणमा मन्त्रालयले ध्यान दिँदै जाने र लोकसेवा आयोगबाट स्थानीय तहमा छिट्टै आवश्यक कर्मचारी पदपूर्ति भई सेवा प्रवाहले थप गति लिने विश्वास समेत व्यक्त गर्नुभयो। संघीय निजामती सेवा ऐन चाँडो भन्दा चाँडो तर्जुमा गरी कार्यान्वयनमा ल्याउन मन्त्रालयले थप मेहनतका साथ काम गरिरहेको र संसदको यसै अधिवेशनमा ऐनको विधेयक तयारी पुरा गरी पारित हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. श्री पुष्पराज कँडेलले मन्त्रालयको कार्यक्रम कार्यान्वयन प्रगति सन्तोषजनक रहेता पनि वित्तीय र भौतिक प्रगति बीच सन्तुलन कायम गर्दै शत प्रतिशत प्रगति हासिल गर्नेगरी कार्यक्रमहरु कार्यान्वयन हुनुपर्ने कुरामा जोड दिनुभयो। उहाँले आवधिक योजनाका राष्ट्रिय लक्ष्यहरुसँग अन्तर आबद्धता देखिने गरी प्रगतिको समिक्षा गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो। प्रदेश तथा स्थानीय तहका योजनाहरु कतै एक्लै त हिडिरहेका छैनन् भन्दै स्थानीय तहहरुको योजना तथा कार्यक्रमहरु सङ्घीय योजना कार्यक्रमसँग अन्तरआवद्ध हुनुपर्ने विषयमा उहाँले थप ध्यानाकर्षण गराउँनु भयो।  यस्तै उँहाले SDGs लगायतका अन्तर्राष्ट्रिय  प्रतिवद्धताहरुलाई तीनै तहका योजनाहरुमा आन्तरिकीकरण गर्नुपर्ने र स्थानीय स्तरमा प्राकृतिक स्रोतको दोहन भईरहेको र यसको नियन्त्रण तथा व्यवस्थापनमा कार्यमा मन्त्रालयको ध्यान जानुपर्ने सुझाव समेत व्यक्त गर्नुभयो।

मन्तब्यकै क्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री यादव प्रसाद कोइरालाले सहभागीहरुद्वारा उठाइएका सवालहरुको जवाफ दिँदै मन्त्रालयवाट भएका महत्त्वपूर्ण कार्यहरुको बारेमा संक्षेपमा प्रष्ट पार्नु भयो। उहाँले तुईन विस्थापन सहित झोलुङ्गे पुल निर्माणमा उल्लेखनीय प्रगति भएको र समग्रमा गत आ.व. मा मन्त्रालयले कामको समग्र प्रगति सन्तोषजनक रहेको  साथै आगामी दिनमा कार्यान्वयनका क्षेत्रमा थप सुधार गर्दै शत प्रतिशत प्रगति हासील गर्ने गरी काम गर्नुपर्ने कुरामा जोड दिनुभयो।  साविक स्थानीय निकाय (साविक जि.वि.स.)हरुको वेरुजु फछ्यौँटमा चुनौति रहेको औंल्याउदै उहाँले कर्मचारीहरु तथा स्थानीय तहका पदाधिकारीहरुकोको क्षमता विकासमा मन्त्रालय क्रियाशील रहेको र यसै वर्षदेखि विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याई यसलाई प्रभावकारी रुपमा अगाडि वढाउने समेत जानकारी गराउनु भयो। उहाँले माननीय मन्त्रीज्यूको दृढ इच्छाशक्तिको कारण कर्मचारी समायोजन कार्य सम्पन्न भएको भन्दै आगामी दिनमा संघीय निकायहरुको संगठन र व्यवस्थापन अझ चुस्त, दुरुस्त वनाउँन पुनरावलोकन गर्दैजाने प्रतिबद्धता व्यक्त गर्नु भयो। साथै उहाँले अन्तर-मन्त्रालय समन्वय र स्थानीय तहहरुको

वजेटमा व्यवस्था भए वमोजिमको कार्य प्रगति विवरण र सुशासन कायम गर्न मन्त्रालय दृढ रहेकोले आगामी वर्ष विकास निर्माणको वर्ष हुने गरी सवै क्षेत्रवाट कार्य हुनु पर्नेमा जोड दिनु भयो।

उक्त अवसरमा मन्त्रालयका सह-सचिव श्री केदार प्रसाद पनेरुले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय र अन्तर्गतका निकाय,कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७५/०७६ को लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विनियोजित बजेट रु २१ अर्ब ७० करोड८९ लाख २५ हजार बजेटको वार्षिकप्रगति विवरण प्रस्तुत गर्नु भएको थियो। चालु खर्चतर्फ १० अर्ब २५ करोड ६२ लाख १२ हजार , पूँजिगत खर्चतर्फ ११ अर्ब ४५ करोड २७ लाख १३ हजार रहेकोमा १६ अर्ब ९५ करोड ०७ लाख ३१ हजार खर्च भई समग्रमा गत आ.व. ०७५/७६ मा ७८.०८ प्रतिशत वित्तिय प्रगति रहेको जानकारी दिनुभयो।

उहाँले यस अवधिमा प्राप्त भएका प्रमुख उपलब्धीहरुको वारेमा उल्लेख गर्दै कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा देखापरेका समस्याहरुको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्पहरु समेत प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रममा निजामती कितावखाना, स्थानीय पूर्वाधार विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, अदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आ-आफ्ना कार्यक्रमको वार्षिक अवधिको प्रगति संक्षेपमा प्रस्तुत गरेका थिए। त्यस्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका प्रतिनिधिहरुले बजेट खर्च, वित्तिय एवं भौतिक प्रगति प्रति सन्तोष व्यक्त गर्दै आगामी दिनमा अझ सुधारका साथ काम गर्नुपर्ने धारणा राख्नुभएको थियो।

(केदार प्रसाद पनेरु)
सहसचिव
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७६ साल श्रावण१७ गते